लुम्बिनी प्रदेश सरकार
कृषितथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, बाँके

फोन नं.: ०८१५२००२७/५२०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
**Email**: akcbanke@gmail.com
**Website**: akcbanke.gov.np

पत्र संख्या: २०७९/८०

## कृषि विकास कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७९/१०/१० गते)

यस केन्द्रको आ.ब. २०७९/८० को स्विकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्यक्रममा सहकार्य गर्ने बांके जिल्ला भित्रका इच्छुक योग्य आवेदकहरुका लागी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७९/१०/२४ गते) भित्र यस कार्यालयमा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।यस सम्बन्धी थप जानकारीको लागि यस केन्द्रको सूचना पाटीतथा वेबसाइट (akcbanke.gov.np)बाट बिस्तृत सूचना र कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०७९ डाउनलोड गरी प्राप्त गर्न सकिने छ । थप जानकारीको लागी यस कार्यालयको फोन नं. ०८१५२००२७, बागवानी विकास अधिकृत श्री राम प्रकाश यादव (९८४५४३४५५७) वा कृषि अर्थ विज्ञ श्री जीवन कुमार के.सी. (९८५८०७३०३५) मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ । रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.स | कार्यक्रमको नाम | संचालन गर्न सकिने क्रियाकलापहरु | मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र | अनुदान (सिमा रकम/प्रतिशत) |
|---|---|---|---|---|---|
| १. | कृषि उपज भण्डारण गृह स्थापना तथा क्षमता विस्तार (गोदाम घर निर्माण) कार्यक्रम | • खाद्यान्न बीउ प्रशोधनका लागी आवश्यक औजार उपकरण खरिद,<br>• गोदाम घर निर्माण,<br>• थ्रेसिङ्ग फ्लोर निर्माण।<br>• प्रशोधन सामग्री, खलियान<br>• अन्य पूँजिगत सूधार आदि।<br>• कृषकलाई सामूहिक बीउ उत्पादन, सङ्कलन, प्रशोधन तथा सुरक्षित भण्डारणमा टेवा पुर्‍याउने र समुदायद्वारा व्यवस्थित गर्ने।<br>• औपचारिक गुणस्तर नियन्त्रण पद्दति अपनाइ उन्नत जातको बीउ उत्पादन तथा बिक्री वितरणको व्यवस्था मिलाउने।<br>• स्थानीय जातहरूको संरक्षणका क्रियाकलापहरू। | • कृषक समूह तथा कृषि सहकारीले आवेदन पेश गर्न सक्ने<br>• वार्षिक न्यूनतम १० मे टन खाद्यान्न बालीको प्रमाणित बीउ उत्पादन गरेको हुनु पर्ने<br>• पुर्वाधार निर्माणका लागी कम्तीमा २ कट्ठा जग्गा आबेदकको स्वामित्वमा रहेको हुनु पर्ने। | बाँके जिल्ला भरी | • ७५ प्रतिशत अनुदान। |

शकिल अहमद
२०७९/१०/१०
सिनियर कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषितथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, बाँके**

फोन नं.: ०८१५२००२७/५२०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
**Email**: akcbanke@gmail.com
**Website**: akcbanke.gov.np

पत्र संख्याः २०७९/८०

संलगन गर्नु पर्ने कागजातहरू:

१. निवेदन (अनुसूचि ३४ बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि तथा बैंक खाताको चेकको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नुपर्ने)।
५. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव(अनुसूचि ३६ बमोजिम)।
६. सम्बन्धित स्थानीयतहको सिफारिस पत्र।
७. कार्यक्रममा सहभागी हुन गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा कृषि उपज बजार पूर्वाधार निर्माण तथा सुदढिकरण कार्यक्रमका लागि १५ वर्ष र अन्यका लागि १० वर्ष अवधिको करारको सक्कल प्रति तथा जग्गाको तिरो तिरेको रसिद।

२०८०/१०/१०

शकील अहमद
निमित्त कार्यालय प्रमुख